*दर्ता नं. ००५३*
*द. मिति: २०६४।४।२४*

श्री सर्वोच्च अदालतमा चढाएको
**निवेदनपत्र**

विषयः **संविधानको धारा ३२ तथा १०७(२) बमोजिम उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ ।**

डडेलधुरा जिल्ला, भागेश्वर गाविस वडा नं. ९, लामिकाँडे स्थायी घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ३२, ६० न्यूप्लाजा मार्ग, पुतलीसडक बस्ने वर्ष ५० को जल तथा ऊर्जा उपभोक्ता महासङ्घ-नेपालको केन्द्रीय अध्यक्ष रामचन्द्र चटौत (फोनः ४४२९७४१) ..........................................................................................१

पश्चिम सेती जलविद्युत् आयोजनाबाट प्रभावित बझाङ जिल्ला, रायल गाविस वडा नं २, चौडाम स्थायी घर भई हाल ऐं ऐं बस्ने ऐं ऐं को अभियान संयोजक वर्ष २८ को रतन भण्डारी फोनः ४४२९७४१) ..................................................................१

ओखलढुङ्गा जिल्ला, नर्मदेश्वर गाविस वडा नं. १, सतलुङ स्थायी घर भई हाल ऐं ऐं बस्ने पब्लिक इन्ट्रेष्ट ल फर्ममा कार्यरत वर्ष ३० को अधिवक्ता रविन सुवेदी (फोनः ९८५१०७७२६१)...........................................................................................१

तेह्रथुम जिल्ला ह्वाकु गाविस वडा नं ४ स्थायी घर भई हाल ऐं ऐं बस्ने राष्ट्रिय सरोकार समाजको सदस्य वर्ष ४० को अधिवक्ता निर्मला सिटौला (फोनः ४४१९६१०)..........................................................................................१

झापा जिल्ला भद्रपुर न.पा. वडा नं १५ स्थायी घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३२ बस्ने मानवअधिकार संरक्षण मञ्च, नेपालको केन्द्रीय सदस्य एवम अधिवक्ता वर्ष ४६ को लक्ष्मीप्रसाद मैनाली (फोन ९८४१२९६८७१)....................................१

तेह्रथुम जिल्ला, संक्रान्तीबजार गाविस, वडा नं. स्थायी घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३१ बस्ने वर्ष २८ को अनुज सिटौला (फोन ४२४५४७५)..........................................................................................१

गुल्मी जिल्ला, घमिर गाविस वडा नं. ८ स्थायी घर भई हाल कीर्तिपुर न.पा. ९ बस्ने वर्ष ३० को खिमाराम लम्साल (फोन ९८४१४३३६७८)........................................१

} निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं.......१

नेपाल सरकार, जलस्रोत मन्त्रालय, सिंहदरवार, काठमाडौं.................................. १

नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौँ.........१

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौँ........................................ १

व्यवस्थापिका-संसद, सिंहदरवार, काठमाडौँ.................................................... १

व्यवस्थापिका-संसद्, प्राकृतिक स्रोत र साधन समिति, सिंहदरवार, काठमाडौँ............ १

विद्युत् विकास विभाग, बिजुलीबजार, काठमाडौँ.............................................. १

स्मेक पश्चिम सेती हाइड्रो लिमिटेड (SMEC West Seti Hydro Limited) लामटङिन मार्ग, चुनदेवी, महाराजगञ्ज, काठमाडौँ.........................................................१

स्नोइ माउण्टेन्स इन्जिनियरिङ कर्पोरेशन लिमिटेड (Snowy Mountains Engneering Corporation Limited) चुनदेवी, महाराजगञ्ज, काठमाडौँ..................................... १

} विपक्षी

हामी निवेदकहरू सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०(१) बमोजिम लाग्ने दस्तुर यसैसाथ संलग्न राखी निम्नबमोजिम निवेदन गर्दछौँ ।

१ हामी निवेदकहरू जल तथा ऊर्जा उपभोक्ता महासङ्घ-नेपाल, पब्लिक इन्ट्रेष्ट ल फर्म, राष्ट्रिय सरोकार समाज र अन्य विभिन्न सङघसंस्था तथा अभियानहरूमा व्यक्तिगत तथा संस्थागतरूपले लामो समयदेखि संलग्न भई नेपालको जलस्रोत र जलविद्युत् विकासका क्षेत्रमा नेपालको संविधान, कानुन र नेपालले अनुमोदन गरेका मानवअधिकार, वातावरण तथा विकाससम्बन्धी विभिन्न सन्धिसम्झौताद्वारा सृजित अन्तर्राष्ट्रिय दायित्वहरूको पालना गर्नेगराउने विषयमा चासो राख्नुका साथै आवश्यकताअनुसार विभिन्न शान्तिपूर्ण अभियानहरू सञ्चालन गर्ने कार्यमा सक्रिय सचेत नेपाली नागरिकहरू हौँ । हामीले जलस्रोत तथा यसको बहुपक्षीय उपयोगसँग सम्बन्धित जनसरोकार र जनअधिकारका विषयहरूलाई छलफल, अन्तर्क्रिया, परामर्श, अभियान तथा आन्दोलनका माध्यमबाट जनसमक्ष पुर्‍याउनका लागि सक्रिय भूमिका निर्वाह गर्दैआएका छौँ । पानी प्राकृतिक स्रोतमध्येको एक निर्विकल्प स्रोत भएकाले छिमेकी देशबीच नदी र पानीको बाडफाँडलगायत तिनको दीर्घकालीन उपयोग एवम् तीसँग सम्बन्धित विभिन्न सन्धिसम्झौता गर्दा आफ्नो देश र जनताको सर्वोत्तम हित हुनेतर्फ आवाज उठाउनु हाम्रो परम् दायित्व पनि हो । विगतमा कोशी, गण्डक तथा महाकाली सन्धि गर्दा नेपालले बेहोर्नुपरेका विभिन्न किसिमका अपूरणीय क्षतिहरूले गर्दासमेत जलस्रोतसम्बन्धी कुनै पनि नीति-निर्णयका सवालमा नागरिक समाज अति चनाखो हुनुपर्ने कुरालाई हामीले राम्ररी हृदयङ्गम गर्दैआएका छौँ ।

२. आज आधारभूत मानवअधिकारको रूपमा रहेको जलस्रोतको बहुपक्षीय उपयोगसँग जोडिएका विविध आवश्यकताहरूलाई सरकारले नजरअन्दाज गरी ठूला-ठूला ऐतिहासिक भूलहरू गर्दै देश र जनताका विरुद्धमा विभिन्न सन्धिसम्झौताहरू गर्दैआएको ताजा इतिहास हाम्रो सामु विद्यमान छ । यसले गर्दा यस्ता कतिपय सन्धिसम्झौताका कारण जलस्रोतसँग सम्बन्धित नेपाली जनताका आधारभूत अधिकारहरू सदाका लागि गुमेका तितो अनुभवहरू पनि हामीसँग छन् । जलस्रोतको बाँडफाँड र उपयोगसम्बन्धी विभिन्न विवादहरूमा यस सम्मानित अदालतबाट पनि विभिन्न फैसलाहरू भएका छन् तथा विभिन्न नजिरसिद्धान्तहरू प्रतिपादन भएका छन् । त्यसैले अब उप्रान्त यस्ता गल्तीकमजोरीहरू कुनै पनि अवस्थामा दोहोरिनु हुन्न भन्ने हामी निवेदकहरूको साझा सरोकार हो । यस सन्दर्भमा, नेपाल सरकारले हालै पश्चिम सेती जलविद्युत् आयोजनाको निर्माण गर्नका लागि भनेर अष्ट्रेलियाको एक बहुराष्ट्रिय कम्पनीलाई ठेक्का दिने सहमति गरी सम्झौतासमेत गरिसकेको पृष्ठभूमिमा प्रस्तुत रिट निवेदन सम्मानित अदालतसमक्ष पेश गरिएको छ । उक्त सम्झौतामा विभिन्न सुधार र परिवर्तन नगर्ने हो तथा त्यसलाई संविधानबमोजिम व्यवस्थापिका-संसद्बाट अनुमोदन नगर्ने हो भने यसले कदापि

नेपाल र नेपालीको हित गर्दैन भन्ने जनसरोकार र जनगुनासोलाई सरकारले वास्ता नगरेपछि हामी सरोकारवालामध्येका निवेदक नेपाली नागरिकहरू बाध्य भएर यस सवाललाई सार्वजनिक महत्वको गम्भीर सरोकारको विषय बनाई यससम्बन्धी तथ्य र मागदाबीसहित सम्मानित सर्वोच्च अदालतको शरणमा न्याय माग्नआएका छौं ।

३. यस निवेदनसँग तथ्यहरूका हकमा, तत्कालीन श्री ५ को सरकार र अष्ट्रेलियाको एक बहुराष्ट्रिय कम्पनी, "स्नोई माउण्टेन्स इन्जिनियरिङ कर्पोरेशन लिमिटेड-स्मेक [Snowy Mountains Engineering Corporation Limited-SMEC, (जसलाई यसपछि 'स्मेक' भनिने छ)] का बीच नेपालको पश्चिम सेती नदीमा बाँध निर्माण गरी ७५० मेगावाट विद्युत् उत्पादन गर्ने र यसरी उत्पादित सम्पूर्ण बिजुली छिमेकी राष्ट्र भारतलाई बेच्ने सम्बन्धमा आवश्यक सम्झौता भइसकेको भन्ने कुरा उसैबेला विभिन्न पत्रपत्रिकाहरूमार्फत थाहा भएको थियो । तर यससम्बन्धी कुनै पनि कार्य ठोसरूपमा अघि नबढेको हुनाले हामी आजसम्म सार्वजनिक खबरदारीमा मात्र सीमित थियौं । शुरुमा सन् १९८७-९१ सम्म यस आयोजनाको प्रारम्भिक विस्तृत सम्भाव्यता अध्ययन फ्रान्सको सोग्रोह (SOGREAH) नामक कम्पनीले गरेको थियो । बैतडी जिल्लाको ढुङ्गाढ भन्ने ठाउँमा १८७ मिटर अग्लो कङ्क्रिट बाँध निर्माण गरी ३६० मेगावाट विद्युत् उत्पादन गर्न सकिने तथ्य सोग्रोहको अध्ययनले देखाएको थियो । तर त्यतिबेला नेपाल विद्युत् प्राधिकरण (यसपछि 'नेविप्रा' भनिने) सँग लगानी गर्ने क्षमता नभएको भनेर यसलाई पन्छाइएपछि आयोजना अघि बढ्नसकेको थिएन । पछि तत्कालीन श्री ५ को सरकार र स्मेकबीच सन १९९४ जुलाई ७ का दिन आयोजना निर्माण अघि बढाउने सवालमा आवश्यक समझदारी वा सम्झौता भइसकेपछि उक्त आयोजना चर्चामा आउनथालेको हो ।

४. तत्कालीन सरकारले स्मेकलाई ३ वर्षका लागि भनेर विद्युत् उत्पादन सर्वेक्षणका नाममा आवश्यक अनुमति प्रदान गरेको थियो । स्मेकले यसरी विद्युत् उत्पादनसम्बन्धी सर्वेक्षण अनुमति पाएपछि आयोजनाको स्वरूप तयार गऱ्यो । स्मेकको अध्ययनले बैतडीको ढुङ्गाढमै नदीसतहबाट १९५ मिटर तथा जगबाट २२० मिटर अग्लो कङ्क्रिट बाँध निर्माण गरी ७५० मेगावाट विद्युत् उत्पादन गर्नसकिने विवरण अघि साऱ्यो । साथै उत्पादित सबै बिजुली विद्युत्गृह रहने भनिएको ठाउँ डोटीको तलकोटदेखि नेपाल-भारत सीमासम्म ७७ किलोमिटर लामो ४०० किलोभोल्टको डबल सर्किटको प्रशारणलाइनबाट भारतलाई बेच्ने प्रस्ताव पेश गऱ्यो । हालसम्ममा यस सम्झौतामा आठपटकसम्म संशोधन तथा नवीकरण हुँदैआएको पाइन्छ । नेपाल सरकार र स्मेकबीच पछिल्लोपटक २९ अक्टोबर २००६ का दिन सम्पन्न संझौताअनुसार यस आयोजनालाई जसरी भए पनि आउने यही २००७ को अन्त्यतिर कार्यान्वयन र सञ्चालन गर्ने सहमति भएको कुरा प्रकाशमा आएको छ । यतिका लामो अवधिसम्म विविध कारणले परियोजनासम्बन्धी ठोस कार्य अगाडि नबढे तापनि उक्त अनुमतिपत्र भने नवीकरण हुँदैआएको छ । देशको राजनीति यतिबेला तरल अवस्थामा रहेको मौका छोप्दै नेपाल सरकारले सोही कम्पनीलाई पुराना शर्तबन्दोबस्तमा केही नयाँ शर्त थपेर नयाँ सम्झौता गरेको कुरा पनि विभिन्न पत्रपत्रिकामार्फत थाहा हुनआएको छ । त्यसपछि हामीले स्मेक कम्पनी र नेपाल सरकारबीच भएका सम्झौताका बारेमा प्राप्त जानकारीहरू तथा उपलब्ध सम्झौतास्वयंको अध्ययन गर्दा उक्त सम्झौता नेपाल र नेपाली जनताको सर्वोत्तम हितविपरीत भएको पाइएको छ । यसबाट नेपालले अनिवार्यरूपमा पालना गर्नुपर्ने मानवअधिकार, वातावरण तथा विकाससम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको समेत उल्लङ्घन भएको देखिन्छ । भारतमा निर्यात हुने बिजुली तथा पानीको बहाव परिवर्तनपछि भारतलाई थप प्राप्त हुने तल्लोतटीय फाइदालाई पश्चिम सेती नदीमा विद्यमान पानीको वा प्राकृतिक स्रोतको बाँडफाँडको विषय भन्न मिल्दैन भन्दै यसमा अन्तरिम संविधान, २०६३ को धारा १५६ आकर्षित नहुने भन्ने निष्कर्षमा रहस्यमय एवम् गैरकानुनी ढङ्गले वर्तमान मन्त्रिपरिषद् तथा अन्य विपक्षीहरू पुगेको तथ्य स्पष्ट छ । यस सम्झौतामा विद्युत् विकास विभागका महानिर्देशक र स्मेक कम्पनीका निर्देशक हिमालयबहादुर पाण्डेको हस्ताक्षर र सहीछाप परेको छ । यसरी पश्चिम सेती आयोजनामार्फत हुने पानीको प्रयोगको बाँडफाँडका सवालमा नेपाल सरकारको निर्णय अनुचित प्रभाव र बदनियतबाट प्रेरित हुनुका साथै गैरसंवैधानिकसमेत देखिन्छ ।

५. पश्चिम सेती सम्झौतालगायत पत्रपत्रिकामा प्रकाशित समाचारहरूसमेतको आधारमा भन्नुपर्दा नेपाल सरकारले ३० वर्षका लागि पश्चिम सेतीको पानीबाट बिजुली निकाली भारतमा निर्यात गर्नका निमित्त अनुमति दिइएको रहेछ । सम्झौता नवीकरण गर्ने क्रममा कहिले ७५० मेगावाटको १० प्रतिशत विद्युत् अर्थात् ७५ मेगावाट र कहिले वार्षिक विद्युत् निर्यातबापत त्यसको १० प्रतिशत रकम नेपालले पाउने कुरा उल्लेख छ । सबैभन्दा पछिल्लो सहमतिअनुसार विद्युत् बिक्री गरेबापत प्राप्त हुने रकमको वार्षिक १० प्रतिशत रकम पाउने कुरा उल्लेख भएको छ भने उक्त ३० वर्षका लागि भनेर सम्झौतामा हस्ताक्षर भएको भए तापनि फेरी नवीकरण गरेर यसको म्याद बढाउनसकिने कुरा उल्लेख गरिएको छ । पछिल्लो जानकारीअनुसार यस आयोजनाका लागि निर्माणकर्ता कम्पनी स्मेक आफैँले २६ प्रतिशत, नेपाल सरकारले १५ प्रतिशत, इन्फ्रास्टक्चर् लिजिङ् एण्ड् फाइनान्स् स्टिम् अफ् इन्डियाले १५ प्रतिशत, चाइना मेसिनरी एक्वीप्मेन्ट् इम्पोर्ट् एण्ड् एक्सपोर्ट कर्पोरेसन (सिमेक) ले १५ प्रतिशत र बाँकी नेपाल सरकारका विभिन्न निकायहरूले लगानी गर्ने कुरामा सहमति भएको पाइएको छ । नेपालले एसियाली विकास बैङ्कको ऋणसहयोगमा लगानी गर्नेभएको छ ।

६. यसका साथै पश्चिम सेती आयोजना निर्माण भइसकेपछि उक्त जलाशययुक्त बाँधमा जम्मा हुने अतिरिक्त पानीको नियमित बहाव कर्णाली नदीमार्फत भारतले उपभोग गर्दै आफ्नो देशभित्र ९०,००० देखि १५०,००० हजार हेक्टरसम्म थप जमीनमा बिना लगानी सित्तैमा थप सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य पनि प्रमुख देखिन्छ । विद्युत् ऐन, २०४९ तथा विद्युत् नियमावली, २०५० अनुसार पश्चिम सेतीबाट उत्पादित विद्युत्को उत्पादन, सञ्चालन, उपभोग र प्रशारणलाइन वितरण गर्नका लागि स्मेकलाई ३० वर्षसम्मको लाइसेन्स प्राप्त हुनेछ । आवश्यक परेमा नेपाल सरकारले यसको अवधि बढाउन पनि सक्नेछ । विद्युत् नियमावलीको नियम २० अनुसार स्मेकलाई पानीको निरन्तर बहावको अधिकार (right of uninterrupted flow of the West Seti River to the Project) हुनेछ । यस पूर्वशर्तका कारण नेपाल सरकार वा कुनै पनि सरकारी निकायहरूले आयोजनामा प्रयोग हुने उक्त पानीको बहावमा असर पर्ने गरी कसैलाई पनि पानीको प्रयोग गर्नेगरी लाइसेन्स वा अनुमति दिनपाउने छैनन् ।

७. यसले गर्दा नेपालको सिँचाइ तथा बाँधभन्दा तल्लो क्षेत्रका मानिसहरू, जसलाई तल्लोतटीय क्षेत्रमा अवस्थित समुदाय भनेर चिनिन्छ, उनीहरूले स्मेकको अनुमतिबिना आफ्नै देशभित्र रहेको आफ्नो परम्परागत स्वामित्व र उपभोगको पानी प्रयोग गर्नबाट पनि बञ्चित हुनेछन् । व्यावहारिक दृष्टिले पनि यसरी पानीको प्रयोगका लागि त्यस्तो अनुमति लिन असम्भवप्रायः नै हुन्छ । यसले बाँधस्थलभन्दा तल्लो क्षेत्रमा पर्ने नेपालका डोटी, डडेलधुरा अछाम, बाँके, बर्दिया, कैलाली तथा कञ्चनपुरलगायतका बासिन्दाको तल्लोतटीय अधिकारको पनि स्वतः हनन हुने देखिन्छ । जबकि यस्तो प्रकृतिको पानीको प्रयोग गर्दा सम्वन्धित प्रभावित पक्षहरूसँग अग्रिम परामर्श र सहमति आवश्यक हुन्छ । प्रचलित नेपाल कानुनले समेत पानीको प्रयोगमा प्राथमिकता निर्धारण गर्दा सबैभन्दा पहिले खानेपानी, त्यसपछि सिँचाइ र अनिमात्रै पानीको अन्य प्रयोग हुनसक्ने भन्ने व्यवस्था गरेको छ तर सरकारले यसतर्फ पनि ध्यान दिएको छैन । आयोजनाको निर्माणपछि स्थानीय जनताको सिँचाइको अधिकार के हुने भन्ने कुरा पनि स्पष्ट छैन । यसबाट पश्चिम सेतीका जनताको आफ्नै नदीको पानीमाथिको अधिकार सदाका लागि समाप्त हुनेछ । स्थानीय जनताले प्राप्त गर्नसक्ने भनिएको मुनाफा बाँडफाँडको सवालमा पनि राज्यले कुनै चासो देखाएको पाइन्न । सम्झौतामा भनिएअनुसार १० प्रतिशत बराबरको मुनाफा प्राप्त भइहाले तापनि सो रकम राष्ट्रिय बजेटको हिस्सा बन्नेछ र सरकारले आफूखुशी त्यसको प्रयोग गर्नेछ । यसबाट त्यस क्षेत्रका जनताको विकासमा प्रत्यक्षरूपमा कुनै योगदान दिनसक्दैन ।

८. विद्युत् ऐन, २०४९ को दफा २२(३) अनुसार भारतलाई विद्युत् निर्यात गरेबापत स्मेकले नेपाल सरकारलाई तोकेबमोजिमको निर्यात कर तिर्नुपर्ने हुन्छ । उक्त कर के कति हो भनी रकम र प्रतिशत तोक्ने कार्य सम्पन्न हुन बाँकी नै छ । संविधानको धारा ३५(५) अनुसार “जनसाधारणमा वातावरणीय

स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवम् वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ" भनिएको छ । तर पश्चिम सेती आयोजनाबाट हुनसक्ने वातावरणीय बिनास र प्रतिकूल सामाजिक प्रभावको अध्ययन र मूल्याङ्कन अहिलेसम्म पनि गरिएको छैन वा त्यसलाई प्रचलित ऐननियमबमोजिम अनुमोदन वा सार्वजनिक गरिएको छैन । स्मेक कम्पनीले पश्चिम सेतीका सम्बन्धमा आयोजनासम्बन्धी सम्झौता हुनुपूर्व अनिवार्यरूपमा नेपाल सरकारसमक्ष पेश गर्नुपर्ने भनी १ जुलाई १९९४ मा भएको सहमतिअनुरूपको दायित्व पनि बहन नगरेको कुरा थाहा हुनआएको छ । यसरी पश्चिम सेती आयोजनाका सम्बन्धमा निर्धारित दायित्वको उल्लङ्घन हुनेगरी थप सम्झौता गर्नेगराउने अधिकार वर्तमान संविधान तथा वातावरण संरक्षण ऐन, २०५३ अन्तर्गतसमेत विपक्षीहरू कसैलाई छैन । संविधानको धारा ३५(६) अनुसार राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सृजना गर्ने र भूमिसुधार कार्यक्रम सञ्चालन गरी कृषिलाई उद्योगको रूपमा विकास गर्ने नीति पश्चिम सेतीमा पनि लागु हुनुपर्ने हो तर त्यसो भएको देखिँदैन । नेपालको आन्तरिक विद्युत् आपूर्ति, बाढी नियन्त्रण र सिँचाइका लागि सबैभन्दा आकर्षक मानिएको यस बहुउद्देश्यीय आयोजनालाई विद्युत् उत्पादनमा मात्र सीमित गरिएको छ । यसबाट नेपाल र नेपालीलाई लागि सदाका लागि आर्थिक, सामाजिक एवम् वातावरणीय क्षति पुग्नेछ । स्थानीय सरोकारवालाले सूचना आयोजनासम्बन्धी सूचना माग्दा विपक्षीमध्येका स्मेक कम्पनीले रु. ५० हजार तिरेमा सूचना पाउनसक्ने बेहोराको लिखित जानकारी गराउँछ ।

९. नेपालभित्रको जमीनमा हुनसक्ने विशाल सिँचाइ योजनाको महत्व र आवश्यकतालाई यस सम्झौतामा बेवास्ता गरिएको छ । पश्चिम सेतीमा बाँध बाँधेपछि त्यसबाट तल बग्ने पानीमा भारतको अग्राधिकार कायम हुने हुनाले पश्चिम सेतीको पानी सदाका लागि निःशुल्क भारतको उपयोगमा जाने भएको छ । पश्चिम सेतीमा नेपालको तल्लोतटीय अधिकार र फाइदा (downstream rights and benefits)#समेत सदाका लागि हरण हुनेभएको छ । भविष्यमा समेत पश्चिम सेतीको पानीबाट बाँधस्थलभन्दा तल्लो क्षेत्रमा सिँचाइ आयोजना निर्माण गरी नेपाली भूमिमा सिँचाइ गर्न नपाइने अवस्था सिर्जना भएको छ । यसो भएमा नेपालका उर्वरा भूमिहरू सँधैका लागि मरुभूमिमा परिणत हुनेछन् । नेपाली किसान र स्थानीय जनताहरूको पानीमाथिको अधिकार र सिँचाइको अधिकारमाथि गम्भीर आघात पुग्नेछ । नेपालको जलस्रोतमा विदेशी कम्पनीहरूको एकलौटी हकाधिकार कायम हुनेछ । संविधानको धारा ३५(१२) मा "राष्ट्रिय विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिँदै देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भनिएको छ । तर पश्चिम सेतीका हकमा स्वदेशी लगानीको अपार सम्भावनालाई निरुत्साहित गर्दै कुनै स्वस्थ र खुला प्रतिष्पर्धाबिना नै सुटुक्क एउटामात्र कम्पनीसँग गोप्य वार्तालापमार्फत विदेशी पूँजी र विदेशी प्रविधिको अनुचित बर्चश्व कायम गर्ने कार्य भइरहेको छ । यसरी मुलुकभित्र उपलब्ध सम्भावनाहरूलाई पूर्णरूपमा लत्याएर निजी क्षेत्रलाई आकर्षित गर्ने नाममा असंवैधानिक एवम् अवैधानिक ढङ्गले राष्ट्रको हितविपरीत हुनेगरी विदेशीको लुटलाई बढावा दिने उल्लिखित पश्चिम सेती सम्झौता संविधान र कानुन र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान र दायित्वविपरीत देखिन्छ ।

१०. संविधानको धारा १५६(२) मा भएको अनुमोदनसम्बन्धी प्रावधानहरूको परिभाषा र व्याख्या गर्दा पश्चिम सेती नदी र यसको पानी एक अमूल्य प्राकृतिक स्रोत र सम्पदा भएको कुरामा कुनै विवाद छैन । नेपाल सरकारले स्मेक कम्पनीसँग गरेको सम्झौता स्पष्टरूपमा जलविद्युत्को उत्पादन र निर्यात तथा कर्णालीमा मिसिएर बग्ने पानीको थप मात्रा भारतलाई निःशुल्क उपलब्ध हुनेगरी भएको पानीको बाँडफाँड हो भन्ने कुरा निर्विवाद छ । अझ भन्ने हो भने नेपाल सरकारले हाललाई ३० वर्षका लागि सम्झौता गरेको तथा भविष्यमा उक्त सम्झौताको नवीकरणसमेत हुनसक्ने भएकोले पानीको प्रयोगको अनुमतिको अवधि ३० वर्ष भनिए तापनि यो अरु लामो अवधिका लागि पनि थप हुनेभएको छ । सुख्खायाममा ९० घनमिटर पानी प्रति सेकेन्ड भारतका लागि छोड्नुपर्ने प्रावधान भएको उक्त

सम्झौताको प्रकृति पानीको दीर्घकालीन बाँडफाँडसँग सम्बन्धित भएको भन्ने कुरामा कुनै द्विविधा छैन । चन्द्रशम्सेरको पालामा महाकाली नदीमा निर्मित शारदा ब्यारेजको आयु महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धिका नाममा घुमाउरो किसिमले नवीकरण गराइएको तितो प्रमाण र अनुभव प्रत्यक्षरूपमा बेहोरिसकेका हामी निवेदकलगायतका आमनेपालीले पश्चिम सेतीमा पनि यस्तै नियति बेहोर्नु पर्ने निकट सम्भावनालाई नकार्न सकिन्न । यस अर्थमा पश्चिम सेतीलाई पानीको प्रत्यक्ष बाँडफाँडसँग सम्बन्धित दीर्घकालीन आयोजना नै मान्नुपर्ने हुन्छ । त्यसमाथि पनि भारतलाई बिजुली बेच्ने तथा अतिरिक्त पानी भारत देशले प्रयोग गर्ने तथा बिजुली उत्पादनमाथि असर पर्नेगरी स्मेकको अनुमति नलिइकन नेपाल राज्य वा नेपाली जनताले पश्चिम सेतीको पानीको आवश्यक प्रयोग गर्न नपाउने भनेपछि यो सम्झौता स्मेकको लगानी र स्मेकले भारतमा गर्ने विद्युत्व्यापार सम्झौता नेपालको प्राकृतिक स्रोतको दीर्घकालीन बाँडफाँडसँग प्रत्यक्षरूपले सम्बन्धित भएको तथ्य निर्विवाद छ ।

११. प्राकृतिक स्रोत र साधनमाथि दीर्घकालीन असर पर्ने कुरासँग सम्बन्धित सन्धिसम्झौता वा समझदारीहरूलाई अन्तरिम संविधानको धारा १५६ मा व्यवस्था भएअनुसार व्यवस्थापिका-संसद्को दुइतिहाई बहुमतले अनुमोदन गर्नुपर्ने भन्ने स्पष्ट छ । यसअनुसार नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने कुनै पनि सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ भन्ने व्यवस्था उपधारा (१) मा गरिएको छ । उक्त धाराको उपधारा (२) मा भएको व्यवस्थाअनुसार उपधारा (१) अनुसारको कानुन बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयमा व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेको दुइतिहाई बहुमतले सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नुपर्ने शर्त राखिनेछ भन्ने व्यवस्था छ । साथै उपधारा (१)(घ) मा प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँड भन्ने विषयमा उल्लेख छ भने यसैको अपवादको रूपमा रहेको अर्को व्यवस्थाले खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौतामध्ये राष्ट्रिय हितमा व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका-संसद्को बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ भन्ने व्यवस्था गरिएको छ । यस धाराअन्तर्गत प्रयोग गरिएका *दीर्घकालीन, बाँडफाँड* र *सन्धिसम्झौता* भन्ने शब्दहरूले पश्चिम सेतीसम्बन्धी विवादास्पद सम्झौता यसै धाराअन्तर्गत पर्ने पानीको बाँडफाँड हो भन्ने कुरामा कुनै सन्देह छैन । माथि विभिन्न प्रकरणहरूमा उल्लेख भएअनुसार यस सम्झौताको प्रारम्भिक अवधि भरी स्थानीय जनता वा नेपाल राज्यले समेत चाहेर पनि थप पानी प्रयोग गर्न नपाउने भन्ने एकदमै अवैज्ञानिक एवम् हास्यास्पद प्रावधान राखिएको छ । यसरी एउटा आयोजनाको अवधि ३० वर्षका लागि हुनु भनेको यो लामो अवधि हो । संसारका कुनैपनि पनि ठूला बाँधहरू अल्पकालीन अवधिका लागि नभई दीर्घकालीन अवधिका लागि बन्ने गर्दछन । ३० वर्षपछि बाँध भत्काउने कुरा हुँदैन । बरु यसलाई नवीकरण गर्नपट्टि लाग्दछन् । यदि पश्चिम सेती सम्झौता भारतसँग पानी तथा त्यसको प्रयोग र प्रतिफलको बाँडफाँडको सवाल नभएको भए यस्ता किसिमका नेपालको अहित र भारतको हित हुने शर्त र प्रावधानहरू कदापि राखिने थिएनन् ।

१२. जलस्रोतसम्बन्धी नेपालका विभिन्न विशेषज्ञहरूको भनाइअनुसार पश्चिम सेती नेपालका लागि सबैभन्दा सस्तोमा जलविद्युत् उत्पादन गर्नसक्ने बहुउपयोगी नदी हो । यस अर्थमा पश्चिम सेती नेपालको एक अमूल्य प्राकृतिक सम्पदा हो । जसको सदुपयोग नेपाल आफैँले गर्न जरुरी छ । आयोजनाको निर्माण सबै आफैँ गर्न नसक्ने अवस्थामा पनि संविधान तथा कानुनबमोजिम देश, जनता र स्थानीय समुदायको सर्वोत्तम हित सुनिश्चित गरेरमात्र आन्तरिक वा बाह्य स्रोत परिचालन गर्नु वा कसैसँग सम्झौता गर्नुपर्ने हुन्छ । तर यसरी संविधान, कानुन र जनहितविपरीत कार्य गर्ने अधिकार स्वयम् राज्यव्यवस्था वा सरकारलाई समेत कदापि हुँदैन । उल्लिखित धारा १५६ मा भएको व्यवस्थालाई समग्रमा हेर्दा पश्चिम सेतीको पानीको बाँडफाँड दीर्घकालीन भएकाले व्यवस्थापिका-संसद्को दुइतिहाई बहुमतबाट सम्झौताको अनुमोदन हुनुपर्नेमा सरकारले एकलौटीरूपमा स्वेच्छाचारी ढङ्गले गैरसंवैधानिक, गैरकानुनी तथा मानवअधिकार र जनअधिकारविपरीत कार्य गरी स्मेक कम्पनीसँग घातक सम्झौता गरेको छ ।

१३. विभिन्न अध्ययन र विश्लेषणबाट के पनि देखिएको छ भने, नेपालमा प्रति युनिट विद्युत्‌कटौतीको लागत झण्डै १६ सेन्ट (१०० सेन्ट बराबर १ अमेरिकी डलर हुन्छ) पर्न आउँछ । उदाहरणको लागि, विद्युत्‌कटौतीको विकल्पका रूपमा कार्यालय, उद्योगधन्दा र घरपसलेहरूले समेत जेनरेटरमा लगानी गर्नथाल्छन् । यसले गर्दा पेट्रोलियम पदार्थको बढी खपत हुनजान्छ । यसरी निकालेको बिजुलीको लागत प्रति युनिट ३० सेन्ट पर्न आउँछ । यसको परिणामस्वरूप जेनरेटरमा लगानी गर्न नसक्नेहरूले काम पाउँदैनन् । कामदारहरू बेरोजगार बस्नुपर्ने हुन्छ । यसबाट राष्ट्रलाई ठूलो आर्थिक क्षति हुन जान्छ । अर्को शब्दमा भन्ने हो भने निःशुल्क बिजुली प्राप्त हुनसकेको खण्डमा उक्त बिजुलीले नेपालको अर्थतन्त्रलाई १६ सेन्ट बराबरको योगदान गर्नसक्दछ । यस अवस्थामा तिर्नुपर्ने ऋण बाँकी राखेर विभिन्न अनुचित पूर्वशर्तहरू मान्दै प्रति युनिट ५ सेन्टभन्दा कम दरमा बिजुलीको सट्टा नगद नै प्राप्त गरेर नेपालको राष्ट्रिय हित गरेको भन्न मिल्दैन । केही गर्न नसक्ने भएको अवस्थामा पनि दश प्रतिशत नै भएपनि विद्युतलाई जोड दिनुपर्नेमा यो भन्दा अगाडि १० प्रतिशत भनेर राखिएको कुरालाई समेत पछिल्लो सम्झौतामा सो बराबर पैसा लिने भन्ने सहमति भएबाट मुलुकलाई ठूलो आर्थिक क्षति पुर्‍याउने कार्य भएको छ । भारतभित्रकै उदाहरण लिने हो भने पनि एक राज्यबाट अर्को राज्यमा बिजुली निकास गर्दा रोयल्टीबापत कम्तीमा पनि १२ प्रतिशतसम्म बिजुली लिएको पाइन्छ । समग्र सुदूरपश्चिमाञ्चल क्षेत्रकै लागि पनि कति धेरै बिजुली आवश्यक छ भन्ने कुरा त्यस क्षेत्रको विकाससम्बन्धी विभिन्न सरकारी नीति र योजनाको अध्ययनबाटै पनि स्पष्ट हुन्छ । तर विद्यमान पश्चिम सेती सम्झौतामा नेपाल र नेपाली जनतालाई फाइदा पुर्‍याउनेभन्दा ठग्ने कार्य बढी भएको छ ।

१४. पश्चिम सेती आयोजनाबाट पश्चिम सेती नदी र त्यससँग अन्तरसम्बन्धित प्राकृतिक स्रोत, पर्यावरण र वातावरणमाथिको प्रभावित क्षेत्रका नगरिक तथा जनसमुदाय एवम् समस्त नेपाली नागरिकहरूको सार्वभौमिक अधिकारको पनि उल्लङ्घन भएको छ । यस्ता प्राकृतिक स्रोतहरूमाथि सम्बन्धित क्षेत्र र देशका जनताका सार्वभौमिकताका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको साधारणसभाद्वारा पारित प्राकृतिक स्रोतमाथि स्थायी सार्वभौमिकतासम्बन्धी प्रस्ताव, १९७२ विपरीत कार्य भएको छ । आयोजनाका कारण उत्पन्न हुने प्रतिकूल वातावरणीय प्रभावका सम्बन्धमा प्रचलित कानुन, कार्यविधि, यससम्बन्धी सर्वमान्य सिद्धान्त र मापदण्डका आधारमा कुनै अध्ययन नै नगरी स्थानीय जनताको सुसूचित सहभागिताको अधिकारलाई समेत बेवास्ता गर्दै हचुवा प्रतिवेदनका आधारमा स्मेकसँग उक्त सम्झौता भएको छ । यसबाट नेपालले अनुमोदन गरेको जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ को पनि ठाडो उल्लघङ्न भएको छ । नेपालले अनुमोदन गरेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (धारा २ र २५ प्रत्यक्ष सम्बन्धित) ले पश्चिम सेती क्षेत्रका जनता तथा समस्त नेपाली नागरिकहरूको पश्चिम सेती नदी र यसको विकासका सम्बन्धमा आत्मनिर्णयको अधिकार र यसको विकासबाट हुने आर्थिक तथा सामाजिक फाइदाहरूमाथिको प्राथमिक अधिकार एवम् स्वामित्वलाई मान्यता प्रदान गर्दछ । पश्चिम सेती क्षेत्रका जनताहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन भन्नु नै पश्चिम सेती नदीमाथि हुने विकासको प्रक्रिया र प्रतिफल वितरण प्रणालीमा उनीहरूको प्रत्यक्ष संलग्नता, नियन्त्रण र फाइदा हो । तर यी पक्षहरूलाई पश्चिम सेती सम्झौताले सरासर उल्लङ्घन गरेको छ । यसरी विकास, वातावरण र प्रतिफलको वितरणसम्बन्धी अधिकारहरूको व्यवस्था गर्ने नेपालले अनुमोदन गरेको यस्ता सन्धिसम्झौताहरूले नेपाल सन्धि ऐन, २०४७ अनुसार राष्ट्रिय कानुनभन्दा पनि माथिल्लो हैसियत प्राप्त गर्ने प्रावधान छ ।

१५. विगतको अनुभवलाई हेर्दा प्रचलित संविधानको धारा १५६ मा भएजस्तै प्रावधान समेटिएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ लाई मध्येनजर गर्न जरुरी छ । यस धारा १२६ को परिभाषा र व्याख्याका सन्दर्भमा टनकपुर समझदारीसम्बन्धी मुद्दामा समेत सम्मानित सर्वोच्च अदालतले गरेको फैसला पश्चिम सेती सम्झौताका हकमा समेत उत्तिकै महत्वपूर्ण छ । उक्त मुद्दामा सर्वोच्च अदालतले गरेको आदेशको पालना यस्तै प्रकृतिका अन्य विवादहरूमा के कसरी गर्न सकिन्छ भन्ने विषयमा केही वर्ष अगाडि जलस्रोत मन्त्रालय, जल तथा शक्ति आयोग र विभिन्न स्वतन्त्र विशेषज्ञहरूबीच पटकपटक छलफलहरू भएका थिए । यसपछि प्राकृतिक स्रोतको दीर्घकालीन बाँडफाँड

भनेको के हो तथा तिनको व्यापक, गम्भीर र दीर्घकालीन असर भन्नाले के कस्तो परिभाषा र अर्थ हुन्छ भन्ने सम्बन्धमा एक स्थितिपत्र (Status Paper) तयार गरिएको थियो । यसलाई तयारी गर्ने क्रममा झण्डै छ दर्जन विशेषज्ञ एवम् टनकपुरसम्बन्धी मुद्दामा फैसला गर्ने सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरूसमेत लिइएको थियो । उक्त स्थितिपत्रले अवलम्बन गरेको सिद्धान्त र मान्यताअनुसार पानी र बाँध निर्माणस्थल दुबै प्राकृतिक स्रोत हुन् । यी दुबैको संयोगले मात्र प्राकृतिक स्रोतको परिचालन सम्भव हुन्छ । स्थितिपत्रले स्पष्टरूपमा भनेको छ कि बाँडफाँडको स्थिति पहिल्याउन र यकिन गर्नका लागि त्यसरी उत्पादित पानी तथा बिजुलीले देशको राष्ट्रिय सिमाना पार गर्छ कि गर्दैन भन्ने कुरा हेर्नुपर्ने हुन्छ । यदि पार गर्छ भने सोहीअनुसार र पार गर्दैन भने त्यसैअनुसार प्राकृतिक स्रोतको बाँडफाँड तथा त्यसका व्यापक, गम्भीर र दीर्घकालीन असरहरूको व्याख्या गर्नुपर्ने हुन्छ । यस्तो बाँडफाँडको प्रश्नले दुई देशबीचको हिस्सेदारी कायम गर्ने हुनाले तत्कालीन संविधानको धारा १२६ अनुसार संसद्को संयुक्त बैठक वा प्रतिनिधिसभाको बैठकबाट अवस्था हेरी साधारण वा दुईतिहाई बहुमतले कुनै पनि सन्धिसम्झौताहरू पारित गरिनुपर्ने कुरामा जोड दिइएको थियो । संसद्को दुईतिहाई बहुमत आवश्यक पर्ने आधार भनेर स्थितिपत्रले जम्मा नौ वटा बुँदाहरू उल्लेख गरेको छ । यसअनुसार निम्नलिखित अवस्थामा कुनै पनि सन्धिसम्झौताहरूलाई संसद्को दुईतिहाई बहुमतले अनुमोदन गर्नुपर्ने हुन्छः

(क) *पहिलो,* कुनै जलविद्युत् आयोजनाको क्षमता १ हजार मेगावाटभन्दा बढी हुने भएमा;

(ख) *दोस्रो,* निर्माण हुने आयोजनाअन्तर्गत पानीको अन्तरघाँटी (Inter-basin) स्थानान्तरण हुने भएमा;

(ग) *तेस्रो,* आयोजनाबाट विस्थापित हुने जनसङ्ख्या १० हजारभन्दा बढी हुने भएमा;

(घ) *चौथो,* आयोजनाबाट २५ वर्ग किलोमिटरभन्दा बढी कृषि चरन वा वनक्षेत्र प्रभावित वा डुबान हुने भएमा,

(ङ) *पाँचौं,* आयोजनामा विदेशी लगानीको र नेपाली लगानीबीचको हिस्सा क्रमशः ८० र २० प्रतिशतको अनुपातभन्दा बढी भएमा;

(च) *छैटौं,* आयोजनाको लगानीकर्ताले राज्यबाट प्रत्याभूतिको माग गरेमा;

(छ) *सातौं,* आयोजनाबाट प्राप्त फाइदाहरू पानीको सट्टापट्टा वा पानीको सट्टा अन्य वस्तुका रूपमा बाँडफाँड गर्नसकिने सम्भावना भएमा;

(ज) *आठौं,* कूल उत्पादित बिजुलीको ५० प्रतिशत वा सोभन्दा बढी परिमाण विदेश निर्यात हुने भएमा; र

(झ) *नवौं,* माथिल्लो भेगमा निर्माण भएको जलाशयको कारणले नेपालको सिमाना छोड्ने विन्दुमा नदीको सुख्खायामको बहावमा १० प्रतिशत वृद्धि हुने भएमा वा बाढीको मात्रा १० प्रतिशत कम हुने भएमा ।

१६. माथि प्रकरण नं. १५ मा उल्लेख भएबमोजिम उक्त स्थितिपत्र सरकारको आफ्नै सक्रियता र संलग्नतामा तयार भएको थियो । यस स्थितिपत्रलाई एक सैद्धान्तिक मार्गनिर्देशन मान्ने हो भने पश्चिम सेती सम्झौता यसको विरुद्धमा देखिन्छ । नेपाल र नेपाली जनताका लागि बनेका यस्ता नीति, नियम र विशेषज्ञहरूका रायसुझावहरूलाई यसरी पूर्णरूपले बेवास्ता गर्ने कार्यलाई उचित मान्न सकिन्न । यस स्थितिपत्रले औंल्याएका धेरैजसो आधारहरू यस पश्चिम सेती आयोजनाका सन्दर्भमा प्रत्यक्षरूपमा प्रकट भएका छन् । तर सरकारले यी कुनै कुरातर्फ पनि ध्यान दिएको छैन । स्मेक कम्पनी नेपालमै दर्ता भएको हुनाले यस्तो नेपाली कम्पनीले नेपालभित्रको पानीको प्रयोग गरी विद्युत् उत्पादन गर्ने कार्यलाई पानीको बाँडफाँड भएको मान्न नमिल्ने भन्नेजस्ता हचुवा तर्क र अनुमानका आधारमा नै हुनसक्छ, व्यवस्थापिका-संसद्को कुनै पनि तह र प्रक्रियाबाट अन्तरिम संविधानको धारा १५६ अनुसार पश्चिम सेती सम्झौता अनुमोदन नगर्ने बदनियत सरकारमा देखिन्छ ।

१७. पश्चिम सेती नदी निजी कम्पनीलाई सुम्पने र त्यसबाट प्राप्त हुने फाइदा अन्यत्र वितरण गर्ने नेपाल सरकारको नीति देश तथा जनताको हितमा नहुने कारण उत्पादित बिजुली सबै विद्युत् भारत निर्यात हुने र त्यसको १० प्रतिशत बराबरको मूल्यमात्र नगदमा नेपालले पाउने भन्ने हो । भारतले उक्त बिजुलीलाई प्रति युनिट ४.८६५ सेन्टमा खरिद गर्ने सम्झौता भएको देखिन्छ जबकि नेपालमा निजी तथा विदेशी कम्पनीले विदेशी लगानीमा नै सञ्चालन गरेर हाल विद्युत् उत्पादन गरिरहेका भोटेकोशी र खिम्ती आयोजनाको विद्युत् नेविप्राले लगभग प्रतियुनिट ७ सेन्टमा खरिद गरिरहेको छ । यस्तो सम्झौता भएको पनि निकै वर्ष व्यतित भइसक्यो । आफूले किन्ने बेलामा चाहिँ बढी मूल्यमा किन्ने अनि आफ्नो फाइदा हेर्नुपर्ने अवस्थामा भने कम मूल्यमा भारतलाई बेच्ने नीति नेपाल र नेपाली जनताको हितविपरीत भएको तथ्य निश्चित छ । यस सम्झौताले यसरी नेपाललाई गम्भीर घाटामा पुऱ्याउनुका साथै देशको सार्वभौमिकतामाथि समेत आँच पुऱ्याउने कार्य गरेको छ । नेपाल सरकार यसमा पूर्णरूपले दोषी देखिन्छ । वार्ता वा सम्झौता हुँदा किन १० प्रतिशत विद्युत्को माग गरिएन वा किन यसलाई नगद प्राप्तिमा परिणत गरियो भन्ने प्रश्न रहस्यमय छ । यसभन्दा अगाडि भएको सहमतिअनुसार कम्तीमा १० प्रतिशत बिजुली निःशुल्क पाउने कुरालाई किन बिना छलफल र निष्कर्ष रातारात पैसामा परिणत गर्ने कार्य आफैँमा घातकसिद्ध छ । हालसम्म देशको कूल विद्युत उत्पादन ६०० मेगावाटको हाराहारी रहेको र विद्युत माग त्यो भन्दा बढी रहको देखिन्छ । उत्पादित विद्युत अपुग भएको अवस्थामा वर्षायाममा समेत लोडसेडिङको मार खेप्नु परिरहेको स्थिति छ । साथै हरेक वर्ष विद्युतको माग बढ्दो छ र अहिले पनि ८० प्रतिशतभन्दा बढी आम नेपाली जनता विद्युत सेवा उपभोग गर्नबाट बन्चित छन् । नयाँ नेपालको पुनर्संरचना एवम् स्थायी शान्ति कायम भइ देश दिगो शान्तितिर गएपछिको अवस्थामा देशभित्रै विद्युत माग वृद्धि हुने कुरा निश्चित छ । नेपालले औद्योगिकीकरणका निमित्त विद्युतको माग कति हुने भन्ने कुरा एकीन गर्न सकिँदैन ।

१८. त्यसैले पश्चिम सेती आयोजनाको निर्माण कार्य सम्पन्न हुँदासम्ममा उक्त आयोजनाबाट उत्पादन हुने सम्पूर्ण बिजुली नेपालभित्रै खपत हुने वा सो पर्याप्त नहुने निश्चित छ । त्यसै पनि यो आयोजना लक्ष्यअनुसार यसै वर्षको अत्यमा शुरु भए तापनि यसको निर्माणकार्य सम्पन्न हुन पाँच/छ वर्ष लाग्ने भनिएको छ । त्यति बेलासम्ममा माथि उल्लिखित आन्तरिक विद्युत आपूर्तिको मागलाई यस आयोजनाबाट ृउत्पादन हुने ७५० मेगावाटको बिजुलीले पनि नपुग्ने देखिन्छ । स्अझ स्मरणीय कुरा के छ भने, नेपालमा हालसम्म निर्माणकार्य सम्पन्न भएका कुनै पनि जलविद्युत आयोजनाहरू निर्धारित समयमा सम्पन्न भएको उदहाहरण छैन । यसबाट पनि पश्चिम सेती जलविद्युत आयोजनाको निर्माण अवधि लम्बिन गई सो पुरा हुँदासम्ममा नेपालमा आन्तरिक विद्युतको माग अरु बढ्ने निश्चित छ । साथै सरकारले पनि आन्तरिक विद्युत उत्पादनलाई आयातित तेल ऊर्जाको विकल्पका रूपमा विकास गर्न सक्नेछ वा गर्न जरुरी छ । तर सरकारले किन पश्चिम सेतीको सबै बिजुली भारतलाई बेच्न चाहेको हो भन्ने कुरा बुझ्निसक्नु छ । अर्को रहस्यमय कुरा त के पनि छ भने नेविप्राले स्वदेशी लगानीमा आन्तरिक विद्युत आपूर्तिका लागि अघि सारेको ३०९ मेगावाटको माथिल्लो तामाकोशी आयोजनामा लगानीका लागि धितो-जमानी बस्न अनुरोध गर्दा जलस्रोत विकासको सम्पूर्ण जिम्मा निजी क्षेत्रलाई दिइसकेको हुनाले त्यसरी जमानी बस्न नमिल्ने भन्नसक्ने नेपाल सरकारले किन एसियाली विकास बैङ्कका कठोर एवम् अनुचित पूर्वशर्तहरू स्वीकार गर्दै ४ अर्ब ५० करोड रुपैयाँबराबरको ऋण नेपाली जनताको टाउकोमा थोपर्नुपऱ्यो तथा किन चर्को ब्याज तिरी तिरी विदेशी ऋण लिएर भारतमा विद्यमान लोडसेडिङ घटाउनतिर लाग्नुपरेको हो सो बुझ्नसकिएको छैन । यस्ता विभिन्न तर्कहरूका आधारमा भन्न सकिन्छ कि सरकारले असल नियतले पश्चिम सेती आयोजनासम्बन्धी सम्झौता गरेको छैन । अहिले जो सम्झौता भएको छ, त्यसबाट बरु जानाजानी बदिनियपूर्वक देश र जनताको सर्वोत्तम हितमाथि कुठाराघात गर्ने कार्य भएको छ ।

१९. अन्तरिम संविधान, २०६३ को धारा १२(च) ले कुनै पेशा, रोजगार र उद्योगव्यवसाय आदि गर्ने स्वतन्त्रता प्रदान गरेको छ भने सरकारले गरेको उक्त कम्पनीसँगको सम्झौताले स्थानीय व्यक्तिहरूले सेतीको पानीसँग सम्बन्धित कुनै पनि पेशा तथा रोजगारीबाट बञ्चित हुनुपर्ने अवस्था उत्पन्न भएको छ

। आयोजनाबाट हुने मुनाफाको बाँडफाँड तथा क्षतिपूर्तिका सवालमा मौन रहने कार्य भएको छ । त्यस्तै, धारा १६ ले स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ भने धारा १७ मा सम्पत्तिको अधिकारको व्यवस्था छ जसअनुसार राज्यले बिनाक्षतिपूर्ति कसैको पनि सम्पत्ति प्राप्त गर्न सक्दैन । सार्वजनिक प्रयोजनका लागि कुनै जग्गाजमीन वा सम्पत्ति प्राप्त गरिहाले तापनि त्यसबापत उचित क्षतिपूर्तिको व्यवस्था गरेको छ । धारा २७ ले सूचनाको हकसम्बन्धी व्यवस्था गरेको छ । उक्त सम्झौताका कारण बाँधबाट विस्थापित हुने १० हजार भन्दा बढी स्थानीय बासिन्दाहरूको पुनर्वास तथा क्षतिपूर्तिका सम्बन्धमा सम्झौता मौन छ । आयोजनाबाट प्रभावित स्थानीय सरोकार समूहबाट आयोजनासँग सम्बन्धित सूचना तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन माग्दा विपक्षीमध्येको स्मेक कम्पनीले यसका लागि रु. ५० हजार शुल्क लाग्ने भन्ने लिखितजवाफ दिएको छ । यस्तो हचुवा एवम् अव्यावहारिक कार्यबाट सम्पूर्ण प्रभावित जनता तथा प्रत्यक्ष सरोकारवाला हामी निवेदकहरूको समेत मौलिक हकको उल्लङ्घन हुने भएको छ । विश्व बाँध आयोगले दिएका सुझाव तथा मार्गदर्शन र तिनको कार्यान्वयनका लागि नेपालमा सरकारी तहबाट अघि सारिएका निष्कर्षहरूलाई कतै पनि स्वीकार गरिएको छैन । यसको प्रत्यक्ष प्रमाण हो, स्थानीय जनताहरू आयोजनाका बारेमा सामान्य जानकारी राख्नेभन्दा बाहेक अरु कुनै पनि कुरा थाहा पाउने हैसियत राख्दैनन् । स्थानीय स्वायत्त शासनको अवधारणालाई ध्यानमा राखी आयोजनासम्बन्धी निर्णयप्रक्रियामा प्रभावित समुदायको प्रभावकारी सहभागिताका लागि आयोजनाका फाइदा र बेफाइदाका बारेमा स्पष्टतः अग्रिम एवम् उचित समयमै बुझिने भाषामा विस्तृत सूचना सम्प्रेषण गर्न जरुरी छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा हानीनोक्सानीको न्यूनीकरण तथा मुआब्जा, क्षतिपूर्ति, पुनर्वास र प्रतिफल वितरणका बारेमा सबैभन्दा पहिले प्रभावित क्षेत्रका स्थानीय जनताको अग्रिम परामर्श, सहभागिता र सहमति आवश्यक हुन्छ । तर यी कुराहरू पनि ठोस ध्यान दिइएको छैन । पश्चिम सेती आयोजनाका हकमा सूचनाको हकको अपहरण हुनुका साथै राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको उल्लङ्घन भएको छ । यसबाट पश्चिम सेती नदी र त्यससँग अन्तरसम्बन्धित अन्य प्राकृतिक स्रोत, पर्यावरण र वातावरणका सवालमा प्रभावित क्षेत्रका नागरिक तथा जनसमुदाय एवम् समस्त नेपाली नागरिकहरूलाई आफ्नो सार्वभौमिक अधिकारबाट बञ्चित गरिएको छ ।

२०. नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यको दायित्व तथा सिद्धान्त र नीतिहरूअन्तर्गत धारा ३३ (क) मा महत्वपूर्ण व्यवस्था गरिएको छ । यसमा "...निष्पक्षरूपले संविधानसभाका सदस्यहरूको निर्वाचनका लागि राज्यले आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्ने..." भनिएको छ । यसअनुसार वर्तमान सरकारले प्राथमिकताका दृष्टिमा विगत १५ वर्षदेखि विवादमा रहेको पश्चिम सेती आयोजनालाई रहस्यमय ढङ्गले हतार हतारमा सञ्चालनमा ल्याउनेतिरभन्दा संविधानसभाको चुनाव अविलम्ब गर्नेगराउनेतर्फ लाग्नुपर्ने हो । यसै पनि प्राकृतिक स्रोतको बाँडफाँडजस्ता सवालमा सङ्घीय शासनप्रणालीको अवधारणा एवम् विकासका सवालमा स्थानीय स्वायत्तताका आधारभूत सिद्धान्तहरूको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्ने हो । वर्तमान संविधानमा भएका धारा १५६ लगायतका माथि उल्लिखित विभिन्न प्रावधानहरूको अनिवार्यरूपमा पालना गर्नुपर्ने हो । धारा ३३ को (ड) मा व्यवस्था भएअनुसार अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूको प्रभावकारीरूपमा कार्यान्वयन गर्नेगराउनेतर्फ ध्याद दिनुपर्ने हो । अन्तरिम संविधानको धारा ३५(४) मा व्यवस्था भएअनुसार राष्ट्रिय हितअनुकूल हुनेगरी उपयोगी एवम् लाभदायकरूपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायका हकाधिकारहरूलाई उच्च प्राथमिकता दिनुपर्ने हो । सोही धारा ३५ को उपधारा (५) मा भनिएअनुसार राज्यले वातावरण स्वच्छ राख्नका लागि आवश्यक व्यवस्था गर्नुपर्ने हो । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकासम्बन्धी क्रियाकलापहरूद्धारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवम् वातावरण तथा वन्यजन्तुहरूको संरक्षण गर्ने सवालमा विषेश प्राथमिकता दिनुपर्ने हो । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नुपर्ने हो । तर सरकारले जनआन्दोलनको परिणामस्वरु निर्मित वर्तमान लोकतन्त्रोमुख अन्तरिम संविधानका उल्लिखित यी प्रावधानहरूको सरासर उपहास गरेको छ । यस

संविधानका आधारभूत उद्देश्य र मार्गदर्शनहरूको उल्लङ्घन गरेको छ । राज्यका निर्देशक नीति तथा सिद्धान्तहरूलाई क्रमशः कानुन निर्माण गर्दै लागु गर्ने भन्ने संवैधानिक प्रावधानको विपरीत तिनको बर्खिलाप हुनेगरी पश्चिम सेती सम्झौता गरिएको छ । राज्यका निर्देशक नीति तथा सिद्धान्तहरूको तत्काल कार्यान्वयन हुने नसके तापनि तिनको उल्लङ्घन गर्न नमिल्ने भन्ने सिद्धान्त अरुण-३ सम्बन्धी सूचनाको हकमसम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट स्पष्ट व्याख्या भइसकेको छ ।

२१. पश्चिम सेती सम्झौताका सम्बन्धमा व्यवस्थापिका-संसद्को प्राकृकित स्रोत र साधन समितिको मिति २०६४।४।१ मा भएको बैठकले गरेको निर्णय पनि आफैंमा आश्चर्यजनक भएको छ । सरकारले गर्ने कुनै पनि कामकारबाहीहरूलाई प्रचलित संविधान तथा कानुन र नेपालमाथि लागु भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताअनुसार गर्नगराउन आवश्यक निर्देशन गर्नुपर्नेमा आफैं गैरसंवैधानिक, गैरकानुनी एवम् मानवअधिकार, वातावरण र विकासविरोधी कार्य गर्न सरिक भएको छ । उक्त समितिले यस निवेदनपत्रमा उठाइएका कुनै पनि कुराहरूतर्फ ध्यान नदिई हचुवाका आधारमा व्यवस्थापिका-संसद्को अनुमोदनबिना नै राजनीतिक पार्टीहरूबीचको आपसी सहमतिबाट पश्चिम सेती आयोजनालाई अघि बढाउने भनी लज्जास्पद निर्णय गरेको छ ।

२२. तसर्थ माथि उल्लिखित विभिन्न प्रकरणहरूमा वर्णित तथ्य, कानुन, खासगरी वातावरण संरक्षण ऐन २०५३, नेपाल सन्धि ऐन २०४७ को दफा ९, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १६, १९, २६, २७, ३२, ३३ , ३४, ३५, ३६, र १५६ तथा १०७(२) का साथै नेपालले अनिवार्यरूपमा पालना गर्नुपर्ने मानवअधिकार, वातावरण र विकाससम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा नैतिक मार्गदर्शकका रूपमा रहेका विभिन्न घोषणा र प्रस्तावका साथै सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक महत्वको सरोकार भएका विभिन्न मुद्दाहरूमा प्रतिपादित सिद्धान्त र नजीरहरूसमेतका आधारमा निम्नलिखित मागदाबी प्रस्तुत गर्दछौं ।

(क) मन्त्रिपरिषद्मा छलफल भई विद्युत् विकास विभाग तथा स्मेक पश्चिम सेती हाइड्रोइलेक्ट्रिक नामक नेपाली कम्पनीमार्फत अष्ट्रेलियाको स्मेक कम्पनीबीच भएको मिति २९ अक्टोबर २००६ को पछिल्लो संसोधनसहितको सम्झौतालाई सम्पूर्णरूपमा संविधानको धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ ।

(ख) पश्चिम सेती आयोजना संविधानको धारा १५६(२) अन्तर्गत प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसम्बन्धी सम्झौता भएकोले सोही धारा १५६ बमोजिम व्यवस्थापिका-संसद्बाट अनुमोदन गर्नेगराउने प्रक्रिया पुरा गरेरमात्र यस आयोजनाका सम्बन्धमा कुनै पनि कार्य अघि बढाउने वा नबढाउने भन्ने विषयमा निर्णय गर्नु भनी विपक्षीहरूका नाममा सोही धाराबमोजिम परमादेशलगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ ।

(ग) साथै मुद्दाको टुङ्गो नलागेसम्म तथा वर्तमान व्यवस्थापिका-संसद्बाट आयोजनासम्बन्धी सम्पूर्ण सहमति, समझदारी र सम्झौताहरूको अनुमोदन गर्नेगराउने प्रक्रिया पुरा नभएसम्म पश्चिम सेती आयोजनाका सम्बन्धमा आजसम्म भएका सम्पूर्ण सहमति, समझदारी वा सम्झौताहरू निष्क्रिय तुल्याई नेपाल र नेपाली जनतामाथि थप आर्थिक, वित्तीय एवम् अन्य दायित्वहरू सिर्जना हुने तथा प्रस्तुत मुद्दाको पुर्पक्ष र संसदीय अनुमोदनको प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्नेगरी कुनै पनि कार्य नगर्नुनगराउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाऊँ ।

(घ) त्यस्तै जलस्रोत एवम् विद्युत् विकासका क्षेत्रमा नेपालको राज्यव्यवस्था र सरकारको प्रतिनिधित्व गर्ने सम्पूर्ण विपक्षीहरू आ-आफ्नो राजकीय कर्तव्य र दायित्वबाट च्यूत भएका हुनाले यी विपक्षीहरू सबैका नाममा सोहीअनुसार आवश्यक निर्देशनात्मक आदेशहरू जारी गरी पाऊँ ।

(ङ) प्रस्तुत मुद्दा विभिन्न संवैधानिक एवम् कानुनी प्रश्नहरू समावेश भएको गम्भीर सार्वजनिक चासो र सरोकारको विषय भएको हुनाले यसलाई अग्राधिकारमा राखी न्यायिक पुर्पक्ष गरी पाऊँ ।

२३. पश्चिम सेती सम्झौताका सम्बन्धमा निम्नलिखित कागजप्रमाण तथा पत्रपत्रिकामा प्रकाशित समाचारहरूको प्रतिलिपि प्रमाणस्वरूप पेश गरेका छौं:

(क) निवेदकहरूलाई प्राप्त नेपाल सरकार र स्मेक कम्पनीबीच भएको पश्चिम सेती सम्झौताको संसोधनसहितको प्रतिलिपि थान- १ ।

(ख) व्यवस्थापिका-संसद्को प्राकृतिक स्रोत र साधन समितिको मिति २०६४।४।१ मा भएको बैठकको निर्णयको प्रतिलिपि थान- १ ।

(ग) निवेदकहरूको नागरिकताको प्रतिलिपि थान - ७ ।

(घ) सरोकारवालाले संस्थागतरूपमा *सूचना पाऊँ* भनी दिएको निवेदनमा विपक्षीमध्येका स्मेक कम्पनीले रु. *५०,०००।- अक्षरुपी पचास हजार शुल्क* लाग्ने भनी दिएको पत्रको प्रतिलिपि थान- १ ।

(ङ) Japan Center for a Sustainable Environment and Society (JACSES), Japan का अनुसन्धानकर्ता युकी तानाबेद्वारा पश्चिम सेती जलविद्युत आयोजनाको स्थलगत अध्ययनपछि २६ जुलाइ २००७ मा प्रस्तुत *'Report on the West Seti Hydroelectric Project and ADB Policy Violations (Version 1)'* नामक प्रतिवेदनको प्रतिलिपि थान- १ ।

(च) Nepal Water Conservation Foundation (NWCF) द्वारा प्रकाशित *'West Seti: Basic Information'* नामक प्रतिवेदनको प्रतिलिपि थान- १ ।

(छ) पश्चिम सेती आयोजना आवश्यक संवैधानिक एवम् कानुनी प्रक्रिया पुरा नगरी अघि बढाउन लागिएकोले एसियाली विकास बैङ्कसमक्ष आयोजनामा तत्काल लगानी नगर्नका लागि अनुरोध गर्दै पश्चिम सेती सरोकार समितिले २०६४ असार ३१ गते एसियाली विकास बैङकलाई लेखेको औपचारिक पत्रको प्रतिलिपि थान- १ ।

(ज) पश्चिम सेती अनुगमन समिति, काठमाडौंद्वारा २०५४ साउनमा प्रकाशित *'पश्चिम सेती जलविद्युत आयोजना: फाइदाजति भारतलाई, नाफाजति स्मेकलाई, नोक्सानजति नेपाललाई'* शीर्षकको पुस्तिका थान- १ ।

(ज) विभिन्न पत्रपत्रिकामा प्रकाशित निम्निलिखित समाचार तथा लेखहरू थान - ७२ ।

(१) २०५३ जेठको *भक्तपुर* मासिकमा *'सेती जलविद्युत् परियोजना'* शीर्षकमा प्रकाशित रामेश्वरमान अमात्यको लेखको प्रतिलिपि थान- १ ।

(२) २०५४ वैशाख ८ गतेको *देशान्तर* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती पनि विवादमा ! सर्वदलीय बैठक बस्न सकेन'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(३) २०५४ वैशाख १२ गते*को कान्तिपुर* दैनिकमा प्रकाशित *'पश्चिम सेती जलविद्युत् आयोजना विद्युत् निर्यात सम्झौता सम्बन्धमा विवाद'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४) २०५४ वैशाख २४ गतेको *युगसम्वाद* साप्ताहिकमा प्रकाशित *'स्नोइ माउन्टेन पछाडी भारत उभिएको छ ! पश्चिम सेती पनि नेपालको हितमा देखिँदैन'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(५) २०५४ जेठको *मूल्याङ्कन* मासिकमा प्रकाशित *'अब पश्चिम सेतीको पनि 'कन्यादान' ?'* शीर्षकको श्याम श्रेष्ठको लेखको प्रतिलिपि थान- १ ।

(६) ऐं ऐं मा प्रकाशित *'सेती नदी सम्झौता : के यो अहिले गर्नुपर्ने आयोजना हो ?'* शीर्षकको वाई.बी. थापाको लेखको प्रतिलिपि थान- १ ।

(७) २०५४ जेठ ५ गतेको *देशान्तर* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती सम्झौता: देशको अर्को घातक नजीर सिद्ध हुनेछ'* शीर्षकको डा. हरिमान श्रे*ष्ठको* लेखको प्रतिलिपि थान- १ ।

(८) २०५४ साउन ७ गतेको *जनादेश* साप्ताहिकमा प्रकाशित *'अर्को राष्ट्रघाती कदम: पश्चिम सेती सम्झौता'* शीर्षकको भक्तबहादुर श्रेष्ठको लेखको प्रतिलिपि- १ ।

(९) २०५४ साउन १० गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित *'राष्ट्रिय स्वार्थको उपेक्षा'* शीर्षकको सम्पादकीयको प्रतिलिपि थान- १ ।

(१०) २०५४ साउन १२ गतेको *नवसुरूचि* साप्ताहिकमा प्रकाशित *'सरकारले सेती बेच्यो'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(११) २०५४ साउन १३ गतेको *जनएकता* साप्ताहिकमा प्रकाशित *'सेती परियोजना बढी राष्ट्रघाती छ'* शीर्षकको अमिक शेरचनको अन्तरवार्ताको प्रतिलिपि थान- १ ।

(१२). २०५४ साउन १५ गतेको *काठमाडौं टुडे* मासिकमा प्रकाशित *'पश्चिम सेती अर्को अरूण-३ बन्न सक्छ'* शीर्षकको राजेन्द्र दाहालको लेखको प्रतिलिपि थान- १ ।

(१३) २०५४ पुष १६ गतेको *आजको समाचारपत्र* दैनिकमा प्रकाशित *'सेती सम्झौतामा पानी खान पैसा तिर्नुपर्ने अवस्था'* शीर्षकको चन्द्रमणि अधिकारीको लेखको प्रतिलिपि थान- १ ।

(१४) २०६० वैशाख १० गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित *'पश्चिम सेतीमा बिजुली र पानी दिन निर्माणकर्ता सहमत'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(१५) २०६० कार्तिक १७ गतेको *स्पेसटाइम* दैनिकमा प्रकाशित *'पश्चिम सेती आयोजनामा स्मेक र भारतीय कम्पनी पीटीसीबीच विद्युत् खरिद सम्झौता सम्पन्न'* शीर्षकको समाचार प्रतिलिपि थान- १ ।

(१६) २०६१ चैत्र १६ गतेको *नेपाल समाचारपत्र*मा प्रकाशित *'पश्चिम सेती आयोजना: नेपालले पाउने के ?'* शीर्षकको रतन भण्डारीको लेखको प्रतिलिपि थान- १ ।

(१७) २०६३ चैत्र १ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित *'एडीबी पश्चिम सेतीमा इच्छुक'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(१८) २०६४ जेठ १४ गतेको *नयाँपत्रिका* दैनिकमा प्रकाशित *'कति राष्ट्रिय हितमा छ, पश्चिम सेती'* शीर्षकको रत्न संसार श्रेष्ठको लेखको प्रतिलिपि थान- १ ।

(१९) २०६४ साउन २ गतेको *जनआस्था* साप्ताहिकमा प्रकाशित *'शङ्काको घेरामा पर्‍यो दिल्ली बस्ने स्मेक'* शीर्षकको खिमाराम लम्सालको लेखको प्रतिलिपि थान- १ ।

(२०) १९९७ मे १६ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'WEST SETI: Riparian Issues and Institutional Flaws'* शीर्षकको वाई.वी. थापाको लेखको प्रतिलिपि थान-१ ।

(२१) १९९७ मे ३० को *Spotlight* साप्ताहिकमा प्रकाशित *'West Seti Project A Sell-Out ? The government says the project will lure foreign investment. But will it benefit the local people?'* शीर्षकको केशव पौडेलको लेखको प्रतिलिपि थान- १ ।

(२२) १९९७ जुलाई २५ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'National Interest and WSP'* शीर्षकको सम्पादकीयको प्रतिलिपि थान- १ ।

(२३) १९९७ अगष्ट ९ को *The Rising Nepal* दैनिकमा प्रकाशित *'Consensus Sought on Seti hydel project'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(२४) १९९९ जुन ९ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'Test case for foreign investment, West Seti project lumbers along'* शीर्षकको सुमन प्रधानको लेखको प्रतिलिपि थान- १ ।

(२५) २००२ सेप्टेम्बर १३ को *Spotlight* साप्ताहिकमा प्रकाशित *'Responsibility For Western Terai Submersion'* शीर्षकको ए.बी. थापाको लेखको प्रतिलिपि थान- १ ।

(२६) २००२ जुलाइ ५ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'West Seti inches closer to PPA with India'* शीर्षकको सुरेन्द्र फुँयालले लेखेको समाचारको प्रतिलिपि थान- १ ।

(२७) २००३ मार्च २२ को *The Himalayan Times* दैनिकमा प्रकाशित *'SMEC still keen on West Seti'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(२८) २००३ अप्रिल १० को *The Himalayan Times* दैनिकमा प्रकाशित *'Locals demand EIA report'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(२९) २०६४ साउन १८ को *मूल्याङ्कन* मासिकमा प्रकाशित *'सेतीमा स्वार्थको खेतीः नेपाललाई अन्धकार भारतलाई झिलिमिली पार्ने सेती जलविद्युत परियोजनाको चिरफार'* नामक वरिष्ठ इन्जिनियर रामेश्वरमान अमात्यको लेखको प्रतिलिपि थान- १ ।

(३०) २०६४ साउन १३ को नेपाल समाचारपत्र दैनिकमा *'पश्चिम सेती शुरू नहुँदै विवादमा'* शीर्षकमा प्रकाशित समाचारको प्रतिलिपि थान- १ ।

(३१) २०६४ साउन १४ को *साँघु* साप्ताहिकमा प्रकाशित *'सेती जलविद्युत् खसीसँग फर्सी साट्ने खेल'* शीर्षकमा विधायक, लोकेन्द्र विष्टसँगको अन्तरवार्ताको प्रतिलिपि थान- १ ।

(३२) २०६४ असार २७ को *दिपायल पोष्ट* राष्ट्रिय साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती निर्माण कार्य कार्तिकदेखि शुरू हुने'* नामक समाचारको प्रतिलिपि थान- १ ।

(३३) ऐं ऐं मा प्रकाशित *'सुदूरपश्चिम प्रकृतिको अनुपम बरदानः विज्ञानको योगदान'* नामक भक्तबहादुर बलायरको लेखको प्रतिलिपि थान- १ ।

(३४) २०६० आश्विन १३ को *श्रमिक* साप्ताहिकमा प्रकाशित *'जलस्रोत विकासको सन्दर्भमा व्यापक, गम्भीर र दीर्घकालीन असरको अर्थ के हो ?'* नामक लेखको प्रतिलिपि थान- १ ।

(३५) २०६४ असार ३२ को *कान्तिपुर* दैनिकमा प्रकाशित *'तालकोट-महेन्द्रनगर ४०० के.भी. प्रशारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनउपर सार्वजनिक सुनुवाइसम्बन्धी सूचना'* को प्रतिलिपि थान- १ ।

(३६) २०५४ जेठ १९ को *देशान्तर* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती स्मृतिपत्रः गिर्दो मनस्थितिले राष्ट्रको हित गर्दैन'* नामक वरिष्ठ जलस्रोतविद डा. हरिमान श्रेष्ठको लेखको प्रतिलिपि थान-१ ।

(३७) २०५४ जेठ १२ को *देशान्तर* साप्ताहिकमा प्रकाशित *'सेती नदीको मालिक 'स्मेक' नेपालीहरूले विदेशीसँग पानी किनेर खानुपर्ने सम्झौता'* नामक राजेन्द्र दाहालको लेखको प्रतिलिपि थान- १ ।

(३८) २०५४ जेठ १२ को *स्पेसटाइम* दैनिकमा प्रकाशित *'पश्चिम सेतीको विद्युत् खरिद सम्झौता पेस गर्न स्मेकलाई पाँचौँपटक म्याद'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(३९) २०६४ असार २३ को *कान्तिपुर* दैनिकमा प्रकाशित *'पश्चिम सेती कात्तिकदेखि'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४०) २०६४ जेठ ४ को *नेपाल समाचारपत्र* दैनिकमा प्रकाशित *'पश्चिम सेतीमा अन्तर्राष्ट्रिय संस्थाले लगानी गर्ने'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४१) २०५४ साउन ९ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित *'पश्चिम सेती सम्झौतामा राष्ट्रिय स्वार्थ नहेरिएको आरोप'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४२) २००७ अगष्ट २ को *The Rising Nepal* दैनिकमा प्रकाशित *'West Seti : Who Benefits?'* शीर्षकको रतन भण्डारीको लेखको प्रतिलिपि थान- १ ।

(४३) २००७ जुलाई २६ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'West Seti hydropower development'* शीर्षकको डा. त्रिलोचन उप्रेतीको लेखको प्रतिलिपि थान- १ ।

(४४) २०६४ साउन ८ गतेको *युगसम्वाद* साप्ताहिकमा प्रकाशित *'सदनदेखि सडकसम्म बहसको खाँचो : पश्चिम सेतीबारे चर्को विवाद'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४५) २०६४ साउन ९ गतेको *हाँक* साप्ताहिकमा प्रकाशित *'राष्ट्रघाती पश्चिम सेती सम्झौता खारेज गर्न माग'* शीर्षकमा प्रकाशित समाचारको प्रतिलिपि थान- १ ।

(४६) २०६४ साउन १ गतेको *युगसम्वाद* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती पनि महाकालीकै बाटोमा, भारतलाई सस्तोमा बिजुली, सित्तैमा पानी'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४७) २०६४ साउन ८ गतेको *जनादेश* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती आयोजना स्वदेशको सम्पत्ति विदेशलाई बेचिँदैछ'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(४८) २०६४ जेठ ७-१३ को *अभियान* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती फाइनान्सियल क्लोजरको नजिक चिनियाँ बैङ्कहरूले ऋण लगानी गर्ने'* शीर्षकमा प्रकाशित समाचारको प्रतिलिपि थान- १ ।

(४९) २०५४ साउन १२ को *देशान्तर* साप्ताहिकमा प्रकाशित *'सेती नदीको पानी'* शीर्षकको सम्पादकीयको प्रतिलिपि थान- १ ।

(५०) २०५४ जेठ २ को *जनधारणा* साप्ताहिकमा प्रकाशित *'सेतीलाई दुईतिहाई चाहिने'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(५१) २०६० पुस १९ गतेको *स्पेसटाइम* दैनिकमा प्रकाशित बासु क्षितिजको *'हाम्रो देशलाई बढी भएर छिमेकी राष्ट्रलाई बेच्या बिजुली हो रे यो ! काँ हाम्लाई हो र !'* नामक व्यङ्ग्य चित्रको प्रतिलिपि थान- १ ।

(५२) *'पश्चिम सेती जलविद्युत परियोजना: नेपाललाई कति फायदा कति नोक्सानी'* शीर्षकको ऋषिराज लुम्सालीको अवधारणापत्रको प्रतिलिपि थान- १ ।

(५३) २०६२ चैत्रको *मूल्याङ्कन मासिक*मा प्रकाशित अजय दीक्षितको *'उच्च बाँधले उठाएका प्रश्न'* शीर्षकको लेखको प्रतिलिपि थान- १ ।

(५४) २०६१ जेठ २१ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित अजय दीक्षितको *'प्रस्तावित तीन योजना, धारा १२६ र स्वाभलम्बी बाटो'* लेखको प्रतिलिपि थान- १ ।

(५५) २००३ नोभेम्वर १४ को *Spotlight* साप्ताहिकमा प्रकाशित डा. ए.बी. थापाको *Nepal and India's Rivers Linking Plan'* शीर्षकको लेखको प्रतिलिपि थान- १ ।

(५६) २००३ मई २ को *Spotlight* साप्ताहिकमा प्रकाशित डा. ए.बी. थापाको *'West Seti Dam and Disaster'* शीर्षकको लेखको प्रतिलिपि थान- १ ।

(५७) २०५४ वैशाख ११ गतेको *आजको समाचारपत्र दैनिक*मा प्रकाशित *'पश्चिम सेती जलविद्युत आयोजना, मन्त्रिपरिषद्को निर्णयलाई अष्ट्रेलियाली कम्पनीद्वारा चुनौती'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(५८) १९९७ अप्रिल १७ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'West Seti set to bag authority to export power'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(५९) २०५४ साउन ७ गतेको *जनादेश* साप्ताहिकमा प्रकाशित *'सेती सम्झौता विरुद्ध संघर्ष गरिने'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(६०) २००७ जुन १३ को *The Himalayan Times* दैनिकमा प्रकाशित *'House panel asks govt to clarify'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(६१) २००७ जुन ४ को *The Kathmandu Post* दैनिकमा प्रकाशित *'Nepal to get peanuts from West Seti'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(६२) २००३ फेब्रुअरी २८ को *Spotlight* साप्ताहिकमा प्रकाशित *'Hydro Privatization and Nepal ?'* शीर्षकको ए. बी. थापाको लेखको प्रतिलिपि थान- १ ।

(६३) २०५३ चैत्र १७ गतेको *देशान्तर* साप्ताहिकमा प्रकाशित *'बिजुली बेचेर नेपाल धनी हुन सक्दैन'* शीर्षकको वरिष्ठ जलस्रोतविद डा. हरिमान श्रेष्ठको लेखको प्रतिलिपि थान- १ ।

(६४) २०६० मङ्सिर २४ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित *'पश्चिम सेती: भारतले बिजुली किन्ने निधो, नेपाली मूल्यभन्दा आधा सस्तो'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(६५) २०६२ वैशाख ६ गतेको *दृष्टि* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती: आयोजना र विवाद'* शीर्षकको लेखको प्रतिलिपि थान- १ ।

(६६) २०५४ भदौ ३ गतेको *आजको समाचारपत्र* दैनिकमा प्रकाशित *'पश्चिम सेती आयोजनामा नेपाल ठगियो: राणा'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(६७) २०५९ मङ्सिर ८ गते सम्मानित व्यक्तित्व श्री *डा. हरिमान श्रेष्ठ*ले बाह्रौं पानी सत्सङ्गमा व्यक्तगर्नु भएको मन्तव्यको प्रतिलिपि थान- १ ।

(६८) २००४ मे २८ को *Spotlight* साप्ताहिकमा प्रकाशित *'Accepting Responsibility: West Seti Project* शीर्षकको डा. ए.बी थापाको लेखको प्रतिलिपि थान- १ ।

(६९) २०५९ कार्तिक २८ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित अजय दीक्षितको *'बिजुली निर्यात र विचलित नीति'* शीर्षकको लेखको प्रतिलिपि थान- १ ।

(७०) २०६४ साउन २२ गतेको *युगसम्वाद* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती: कसको स्वार्थमा'* शीर्षकको समाचारको प्रतिलिपि थान- १ ।

(७१) *ऐ. ऐ.* मितिको *ऐ. ऐ.* साप्ताहिकमा प्रकाशित *'पश्चिम सेती:मा हामीले खोजेको कुरा'* शीर्षकको जल तथा ऊर्जा उपभोक्ता महासङ्घ-नेपालका अध्यक्ष रामचन्द्र चटौतको अभिमतको प्रतिलिपि थान- १ ।

(७२) *'पश्चिम सेती: नेपाललाई हुने फाइदा के हो ?'* शीर्षकको कुमार पाण्डेको लेखको प्रतिलिपि थान- १ ।

२४. यसै विषयमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ अन्तर्गत संसदीय अनुमोदनको माग गर्दै परेको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट (२०५४ सालको रिट नं. २३०६) मा भएको मिति २०५८।४।३० को फैसलासहितको सम्पूर्ण मिसिल झिकाई त्यसमा संलग्न कागजपत्रहरू सान्दर्भिक ठहरेसम्म जाँचीबुझी आवश्यक प्रमाण लगाई पाऊँ ।

२५. यो मुद्दा इजलाशसमक्ष पेश हुँदा रहनु हुने कानुन व्यवसायीले गर्नु हुने बहसलाई समेत यसै निवेदनको अभिन्न अङ्ग मानी प्रमाण लगाई पुर्पक्ष गरी पाऊँ ।

२६. लेखिएको बेहोरा साँचो छ, झुठा ठहरे कानुनबमोजिम सहनेबुझाउने छौं ।

**निवेदकहरू**

| | |
|---|---|
| रामचन्द्र चटौत | रतन भण्डारी |
| अधिवक्ता रविन सुवेदी | अधिवक्ता निर्मला सिटौला |
| अधिवक्ता लक्ष्मीप्रसाद मैनाली | खिमाराम लम्साल |
| अनुज सिटौला | |

इति सम्बत् २०६४ साल श्रावण २४ गते रोज ५ शुभम्......................................................।